# <u>गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्य निर्वाचन निर्देशिका, २०७८</u>

<u>निर्वाचन आयोगबाट स्वीकृत मिति</u>

२०७८।१२।२३

**<u>प्रस्तावना</u>:** गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका सदस्य पदको निर्वाचन सम्बन्धी प्रकृयालाई स्पष्ट र व्यवस्थित गर्न आवश्यक भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सदस्य निर्वाचन निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयुक्त" भन्नाले आयोगको प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले स्थानीय तह निर्वाचन नियमावली, २०७३ सम्झनु पर्छ ।

(ज) "निर्वाचन" भन्नाले नियमावलीको नियम ३३ को उपनियम (१) र (२) बमोजिमको गाउँ कार्यपालिका र नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचन सम्झनु पर्छ ।

(झ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ञ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ ।

निर्वाचन आयोग, नेपाल

(ट) “वडा अध्यक्ष” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(ठ) “वडा सदस्य” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सदस्य सम्झनु पर्छ र सो शब्दले महिला वडा सदस्य र दलित महिला वडा सदस्यलाई समेत जनाउँछ ।

(ड) “सदस्य” भन्नाले वडा सदस्य तथा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई समेत जनाउँछ ।

## परिच्छेद-२
## निर्वाचन अधिकृतको जिम्मेवारी तथा निर्वाचन कार्यक्रम

३. **निर्वाचन अधिकृतको जिम्मेवारी हुने** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचन गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तह निर्वाचनको लागि नियुक्त निर्वाचन अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालयमा स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिमका कर्मचारी रहनेछन् ।

४. **निर्वाचन कार्यक्रम प्रकाशन :** (१) निर्वाचन अधिकृतले गाउँसभा वा नगरसभाको निर्वाचन परिणाम घोषणा भएको मितिले सामान्यतया तीन दिनभित्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको निर्वाचनको कार्यक्रम तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम तयार गर्दा गाउँसभा वा नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन सम्पन्न हुने गरी क्रमबद्ध रुपमा त्यस्तो कार्यक्रम सञ्चालन गरिने मिति, समय र स्थान समेत तोकी अनुसूची-१ बमोजिमको ढाँचामा देहाय बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गर्नु पर्नेछ :-

(क) मतदाता नामावली प्रकाशन गर्ने,

(ख) मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दरखास्त दिने,

(ग) संशोधित मतदाता नामावली प्रकाशन गर्ने,

(घ) मतदाताको विरोधमा उजुरी दिने,

(ङ) खण्ड (घ) बमोजिमको उजुरी उपर जाँचबुझ गर्ने,

(च) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने,

(छ) उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने,

(ज) मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने,



निर्वाचन आयोग, नेपाल

(झ) उम्मेदवारको विरोधमा उजुरी दिने,

(ञ) मनोनयन पत्रको जाँच गर्ने र उजुरी उपर निर्णय गर्ने,

(ट) उम्मेदवारको नामावली प्रकाशन गर्ने,

(ठ) उम्मेदवारले नाम फिर्ता लिने,

(ड) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

(ढ) उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने,

(ण) मतदान गर्ने ।

(३) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गरेको जानकारी निर्वाचन अधिकृतले सम्भव भएसम्म सम्बन्धित गाउँ सभा वा नगर सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको कार्यालयलाई दिनु पर्नेछ ।

## परिच्छेद-३

## मतदाता नामावली व्यवस्थापन

५. **मतदाता नामावली प्रकाशन** : (१) निर्वाचन अधिकृतले गाउँपालिकाको हकमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्य तथा नगरपालिकाको हकमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्य पदमा निर्वाचित व्यक्तिहरुको नाम समावेश गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३ बमोजिम मतदाता नामावली तयार गर्नु पर्नेछ र यसरी तयार गरिएको मतदाता नामावली दफा ४ बमोजिम मतदाता नामावली प्रकाशन गर्न तोकिएको समयावधिभित्र आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले मतदाता नामावली प्रकाशन गर्दा देहायका कुराहरू समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ :-

(क) मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि विवरण सच्याउन दरखास्त दिने मिति, समय र स्थान,

(ख) मतदाता नामावलीमा नाम समावेश हुन छुटेको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने मिति, समय र स्थान,

(ग) संशोधित मतदाता नामावली प्रकाशन गर्ने मिति, समय र स्थान,

(घ) मतदाताको विरोधमा उजुरी दिने मिति, समय र स्थान,

(ङ) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने मिति, समय र स्थान ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४ बमोजिमको मुचुल्का गर्नु वा गराउनु पर्नेछ ।

६. **नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने** : (१) दफा ५ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, पद वा अन्य व्यहोरामा

निर्वाचन आयोग, नेपाल

भएको लेखाइ वा छपाइको त्रुटि सच्याउनु पर्ने देखिएमा दफा ४ बमोजिम मतदाता नामावली सच्याउन दरखास्त दिन तोकिएको समयावधिभित्र निर्वाचन अधिकृत समक्ष स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसुची-५ बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले सो दरखास्त स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६ बमोजिमको ढाँचामा दर्ता गरी सो निर्देशिकाको अनुसूची-७ बमोजिमको भरपाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले दरखास्त फाराममा सोही व्यहोराको निर्णय उल्लेख गरी दरखास्तवालाको विवरण सच्याउनु पर्नेछ ।

७. **मतदाता नामावलीमा छुट नाम समावेश गर्न दरखास्त दिने** : (१) दफा ५ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गर्नका लागि दफा ४ बमोजिम मतदाता नामावलीमा छुट नाम समावेश गर्न दरखास्त दिन तोकिएको समयावधि भित्र स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५ बमोजिमको दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउन निर्वाचन अधिकृत समक्ष दरखास्तवाला स्वयम् उपस्थित भई दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश गराउन दरखास्त दिने व्यक्तिले आफू अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा वडा सदस्य पदमा निर्वाचित भएको प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम दरखास्त दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले सो दरखास्त स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६ बमोजिमको ढाँचामा दर्ता गरी सो निर्देशिकाको अनुसूची-७ बमोजिमको भरपाई दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले सोही व्यहोराको निर्णय दरखास्त फाराममा उल्लेख गरी निजको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ ।

८. **संशोधित मतदाता नामावली प्रकाशन** : निर्वाचन अधिकृतले दफा ६ र ७ बमोजिम मतदाता नामावली संशोधन गरिएको स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३ बमोजिमको दुई प्रति मतदाता नामावली तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

९. **मतदाताको विरोधमा उजुरी दिने** : (१) दफा ८ बमोजिम प्रकाशित संशोधित मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोध गरी अर्को कुनै मतदाताले उजुर गर्न चाहेमा दफा ४ बमोजिम मतदाताको विरोधमा उजुरी दिन तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-८ बमोजिमको उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोध गर्न उजुरी दिँदा सम्बन्धित निर्वाचनको लागि तयार भएको मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मात्र दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरी दिन ल्याएमा निर्वाचन अधिकृतले सो उजुरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-९ बमोजिम दर्ता गरी सो निर्देशिकाको अनुसूची-७ बमोजिमको भरपाई निज उजुरवालालाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम उजुरी दिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले त्यसरी दर्ता भएका उजुरीहरूको सूची स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-१० बमोजिम तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन गर्दा जसको विरुद्धमा उजुरी परेको हो सो व्यक्तिलाई उजुरीको सम्बन्धमा आवश्यक सबूद वा सफाई प्रस्तुत गर्न मनासिब मौका समेत दिनु पर्नेछ ।

**१०. उजुरीको जाँचबुझ गर्ने** : (१) दफा ९ बमोजिमको उजुरी सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले प्रमाण नभएको उजुरी उपर कुनै कारबाही गर्नु पर्ने छैन ।

**११. अन्तिम मतदाता नामावली तयार गरी प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले दफा ९ बमोजिम उजुरी परेकोमा त्यस्तो उजुरीका सम्बन्धमा दफा १० बमोजिम जाँचबुझ समेत गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३ बमोजिमको अन्तिम मतदाता नामावली पाँच प्रति तयार गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम तयार भएको अन्तिम मतदाता नामावलीमध्ये एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४ बमोजिम मुचुल्का गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले यस दफा बमोजिम प्रकाशन गरेको अन्तिम मतदाता नामावलीको दुई प्रति सम्बन्धित निर्वाचन कार्यालयलाई दिनु पर्नेछ ।

**१२. अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने** : दफा ११ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन गरेपछि कुनै प्रकारको थपघट वा हेरफेर गर्नु हुँदैन ।

## परिच्छेद-४
## उम्मेदवार मनोनयन, मतदान तथा मतगणना व्यवस्थापन

**१३. उम्मेदवारको योग्यता** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाको सदस्यमा निर्वाचित भएको महिला उम्मेदवार हुन सक्नेछ ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्ति उम्मेदवार हुन सक्नेछ :-

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कुनै वडाको मतदाता नामावलीमा नाम समावेश भएको,

निर्वाचन आयोग, नेपाल

(घ) ऐनको दफा १३ बमोजिम अयोग्य नभएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमावलीको नियम ३८क. बमोजिम शपथ लिएको व्यक्ति मात्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन सक्नेछ ।

(४) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्य पदको लागि उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकारप्राप्त निकायले दिएको दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा पेश गर्नु पर्नेछ ।

१४. **<u>मनोनयनपत्र दाखिला गर्ने</u>** : (१) निर्वाचनमा उम्मेदवार हुन योग्यता पुगेको महिला र दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्तिलाई नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचाको मनोनयनपत्रमा दफा ११ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको एकजना मतदाताले प्रस्ताव गरी अर्को एकजना मतदाताले सो प्रस्तावको समर्थन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोनयनपत्र उम्मेदवार हुने व्यक्ति, उम्मेदवारको वारिस, उम्मेदवारको प्रस्तावक वा समर्थकले निर्वाचन अधिकृत समक्ष दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि प्रस्तावक वा समर्थक हुँदा एकजना व्यक्ति देहाय बमोजिमको सङ्ख्या भन्दा बढी उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाउने छैन :-

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा चारजना,

(ख) नगर कार्यपालिकाको महिला सदस्य पदमा पाँचजना,

(ग) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा दुईजना,

(घ) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा तीनजना ।

१५. **<u>राजनीतिक दलको औपचारिक पत्र पेश गर्नुपर्ने</u>** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिने व्यक्तिले मनोनयनपत्र साथ सम्बन्धित राजनीतिक दलको औपचारिक पत्र संलग्न गर्नु पर्नेछ ।

(२) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजनीतिक दलको तर्फबाट उम्मेदवार भई गाउँसभा वा नगरसभामा निर्वाचित भएको कुनै सदस्य सोही दलको तर्फबाट मात्र गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला सदस्य पदमा उम्मेदवार हुन सक्नेछ ।

१६. **<u>धरौटी राख्नुपर्ने</u>** : (१) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य पदको उम्मेदवार हुनको लागि पाँच सय रुपैयाँ रकम धरौटी राख्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महिला र दलित वा अल्पसङ्ख्यक समुदायको व्यक्तिको हकमा धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ ।

(३) उपदफा (१) बमोजिमको निर्वाचनमा जम्मा सदर मतको दश प्रतिशत भन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ ।

तर निर्वाचित उम्मेदवारको हकमा यो व्यवस्था लागू हुने छैन ।

(४) उपदफा (३) बमोजिम धरौटी जफत हुने अवस्थामा बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएको वा नाम फिर्ता लिएका व्यक्तिले राखेको धरौटी रकम फिर्ता पाउन त्यस्तो निर्वाचन परिणाम घोषणा भएको मितिले नब्बे दिनभित्र सम्बन्धित व्यक्तिले निर्वाचन कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको म्यादभित्र धरौटी फिर्ता माग नगरेमा त्यस्तो धरौटीको रकम सञ्चित कोषमा दाखिला हुनेछ ।

१७. **निर्वाचन चिन्ह प्रदान गर्ने** : (१) निर्वाचन अधिकृतले निर्वाचनको लागि राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलको उम्मेदवारलाई स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-२५ बमोजिम सम्बन्धित दलले प्राप्त गरेको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ । त्यसरी प्रदान गरिएको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा त्यस्तो दलले तत्काल अघि भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिनेछ ।

तर राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको दलबाट छुट्टिई नयाँ गठन भएको दलको हकमा त्यस्तो दल निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा मतपत्रमा निर्वाचन चिन्ह समावेश गरिनेछ ।

(२) राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेको दल मध्ये आयोगले तोकेको अवधि भित्र दलको जिल्ला समितिले निर्वाचन कार्यालयमा सम्बन्धित जिल्लाको सङ्गठनात्मक संरचना रहेको विवरण पेश गर्ने स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-२६ बमोजिमका दलका सो जिल्लाका उम्मेदवारलाई सम्बन्धित दलको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ । त्यसरी प्रदान गरिएको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा त्यस्तो दलले तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा समावेश गरिनेछ ।

तर तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ सहभागी नभएको दलको हकमा त्यस्तो दल निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रमको आधारमा मतपत्रमा निर्वाचन चिन्ह समावेश गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित जिल्लामा सो दलको निर्वाचन चिन्ह प्राप्त नगरेका दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारलाई अनुसूची-२ बमोजिमका चिन्ह मध्येबाट निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेको दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकामा सो दलका उम्मेदवारले अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा अध्यक्ष वा वडा सदस्य पदको निर्वाचनमा प्राप्त गरेको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेपछि स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन चिन्ह प्रदान गर्दा उम्मेदवार वा निजको प्रतिनिधिलाई चिन्ह रोज्न लगाई निजहरुको रोहवरमा प्रदान गर्नु पर्नेछ ।

तर निर्वाचन चिन्ह रोज्न लगाउँदा एक भन्दा बढी उम्मेदवारले एउटै चिन्ह रोजेमा उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिले रोजेर बाँकी रहेको चिन्हबाट निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम निर्वाचन चिन्ह प्रदान गरेको जानकारी निर्वाचन अधिकृतले आयोग र मुख्य निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

१८. **मतपत्र छपाइ गर्ने** : (१) दफा १७ बमोजिम निर्वाचन चिन्ह प्रदान गरे पछि निर्वाचन अधिकृतले सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका महिला र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको निर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारहरुको निर्वाचन चिन्ह समावेश गरी अनुसूची-३ को ढाँचामा मतपत्र छपाउनु पर्नेछ । त्यसरी मतपत्र छपाउँदा महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि छुट्टाछुट्टै मतपत्र छपाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र छपाइ गर्दा मतदाता सङ्ख्याको आधारमा सामान्यतया दश प्रतिशत बढी छपाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्र छाप्दा एउटै पानामा नअट्ने भएमा एकभन्दा बढी पानामा छपाइ गरी पाना नम्बर उल्लेख गरी स्टिच गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतपत्र छपाइ गर्दा गोपनीयता एवं सुरक्षाको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम मतपत्र छपाउँदा अनुसूची-४ मा उल्लिखित प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(६) उपदफा (१) बमोजिम छापिएका मतपत्रलाई क्रमसङ्ख्या अनुसार गणना एवं रुजु गरी प्लाष्टिकको थैलोमा राख्नु पर्नेछ र त्यस्तो थैलोलाई बाहिरबाट पुनः कपडाको थैलोमा राखी सिलबन्दी गर्नु पर्नेछ ।

**१९.** **मतपत्र र निर्वाचन सामग्री उपलब्ध गराउने** : निर्वाचनको लागि आवश्यक पर्ने स्वस्तिक छाप, सुरक्षण सिल लगायतका निर्वाचन सामग्री निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध नभएमा सम्बन्धित निर्वाचन कार्यालयले त्यस्तो सामग्री उपलब्ध गराउनु पर्नेछ ।

**२०.** **मतदान** : (१) मतदान अधिकृतले दफा ४ बमोजिम प्रकाशित निर्वाचन कार्यक्रम अनुसार निर्धारित समयमा मतदान कार्य सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान गर्न आउने मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले निजको नाम मतदाता नामावली र निर्वाचन अधिकृतले प्रदान गरेको गाउँसभा वा नगरसभा सदस्यको पदमा निर्वाचित भएको प्रमाणपत्रमा उल्लिखित विवरणसँग भिडाई रुजु गरिसकेपछि मतपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम विवरण भिडाउँदा कुनै मतदाताको व्यहोरामा लेखाइ वा छपाइको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त हुने आधार भएमा मतदान अधिकृतले मतदानका लागि त्यस्तो मतदातालाई मतपत्र दिनेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले मतदाता नामावलीमा सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, बतनमा लेखाइ वा छपाइ सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

(४) उपदफा (३) बमोजिम मतपत्र दिँदा पहिले महिला सदस्य पदको लागि निर्धारण गरिएको मतपत्र दिई सोको लागि राखिएको मतपेटिकामा मतदान गरिसकेपछि दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि निर्धारण गरिएको मतपत्र दिनु पर्नेछ ।

(५) मतदान अधिकृतले महिला सदस्य र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि छुट्टाछुट्टै मतपेटिका राख्नु पर्नेछ ।

**२१.** **मतगणना :** (१) निर्वाचन अधिकृतले मतदान हुने दिन अगावै मतगणना गरिने स्थान तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भएपछि मतगणना गर्ने समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित उम्मेदवारहरुलाई समेत दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम मतगणना गर्दा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत अनुसूची-५ बमोजिमको फाराममा उल्लेख गर्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (३) बमोजिमको मतगणना फारामको आधारमा गणना गरेको मतसङ्ख्या अनुसूची-६ बमोजिमको फाराममा उल्लेख गर्नु पर्नेछ ।

**२२.** **निर्वाचन परिणाम प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना कार्य समाप्त भएपछि उम्मेद्वारले प्राप्त गरेको मत परिणाम प्रकाशन गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

(२) उपदफा (१) बमोजिम मत परिणाम प्रकाशन गर्दा देहाय बमोजिमका उम्मेदवारलाई निर्वाचित भएको घोषणा गरी सोको जानकारी आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन कार्यालयलाई दिनु पर्नेछ :-

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने चारजना,

(ख) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँचजना,

(ग) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना,

(घ) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना ।

## परिच्छेद-५
## विविध

२३. **प्रमाणपत्र प्रदान गर्ने** : दफा २२ बमोजिम निर्वाचन परिणाम घोषणा गरेपछि निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारलाई नियमावलीको अनुसूची-२१ बमोजिमको प्रमाणपत्र दिई त्यस्तो प्रमाणपत्रको एकप्रति सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

२४. **सम्बन्धित निर्देशिका, कार्यविधि वा नियमावली बमोजिम हुने :** (१) निर्वाचनको सम्बन्धमा यस निर्देशिकामा लेखिएका कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८, स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८, स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८, स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ र स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ बमोजिम हुनेछ ।

(२) निर्वाचनमा उम्मेदवार मनोनयन, मतदान तथा मतगणना लगायतका काम कारबाही सम्बन्धी अन्य प्रकृया तथा अनुसूची फारामहरु स्थानीय तह निर्वाचन नियमावली, २०७३ र स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ बमोजिम हुनेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची - १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन आयोग

निर्वाचन अधिकृतको कार्यालय

..................... जिल्ला

......................... गाउँपालिका/नगरपालिका

**<u>निर्वाचन कार्यक्रमको सूचना</u>**

.................. जिल्लाको..................... गाउँ कार्यपालिका/नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्य पदको निर्वाचन प्रयोजनको लागि निम्न बमोजिमको निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गरिएको छ।

| क्रम संख्या | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| २ | मतदाता नामावली सच्याउन वा छुट नाम समावेश गर्न दरखास्त दिने | | | | | | |
| ३. | संशाधित मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ४. | मतदाताको विरोधमा उजुरी दिने | | | | | | |
| ५. | मतदाताको विरोधमा परेको उजुरी उपर जाँचबुझ गर्ने | | | | | | |
| ६. | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | | | | | | |
| ७. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | | | | | | |
| ८. | मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन गर्ने | | | | | | |

निर्वाचन आयोग, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | उम्मेदवारको विरोधमा उजुरी दिने | | | | | | |
| १०. | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय गर्ने | | | | | | |
| ११. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | | | | | | |
| १२. | उम्मेदवारले नाम फिर्ता लिने | | | | | | |
| १३. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | | | | | | |
| १४. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | | | | | | |
| १५. | मतदान गर्ने | | | | | | |

मिति :-

समय :-

...............................

निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल

अनुसूची-२

(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## स्वतन्त्र निर्वाचन चिन्ह

| | | | | |
|---|---|---|---|---|
|  पुतली |  ब्याडमिन्टन कर्क |  खरायो |  भुइकटहर |  हाँस |
|  आँप |  गुलाफको फूल |  लौरो |  खानेपानीको धारा |  कैँची |
|  मुढा |  जेब्रा |  लालटिन |  सेफ्टी पिन |  बिरालो |
|  प्रेसर कुकर |  चिल |  चुलेसी |  भ्यागुतो |  कपप्लेट |
|  काग |  ठेकी |  जोडी गमबुट |  भालु |  घण्टाघर |

निर्वाचन आयोग, नेपाल

| | | | | |
|---|---|---|---|---|
|  कङ्गारु |  क्याप |  अर्ना |  फ्रक |  तिलहरी |
|  चोलो |  रिक्सा |  आँखीभ्याल |  खसीको टाउको |  बँदेल |
|  ग्याँस सिलिन्डर |  टायर |  सिरिन्ज |  केराको काइँयो |  चापाकल |

निर्वाचन आयोग, नेपाल

अनुसूची-३

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>मतपत्रको नमूना ढाँचा</u>**

## (क) गाउँ कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको मतपत्र

### गाउँ कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७९

जिल्लाको नाम : ........................ मतपत्र सङ्ख्या : .......

गाउँपालिकाको नाम : .....................................वडा नं. .............

मतदाताको नाम : .............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतदाताको सहीछाप

---

गाउँ कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७९

(निर्वाचन चिन्ह रहेका कुनै दुई कोठाभित्र मात्र मत सङ्केत गर्नुहोस्)

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| १ | ................ | ................ |
| २ | ................ | ................ |
| ३ | ................ | ................ |
| ४ | ................ | ................ |
| ५ | ................ | ................ |

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|
| ६ | ...............  | ...............  |
| ७ | ............... | ............... |
| ८ | ............... | ............... |
| ९ | ............... | ............... |
| १० | ............... | ............... |

मतदान अधिकृतको सही : ...............

निर्वाचन आयोग, नेपाल

## (ख) नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको मतपत्र

## नगर कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७९

जिल्लाको नाम : ........................

नगरपालिकाको नाम : .....................................वडा नं. .............

मतदाताको नाम : .............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतपत्र सङ्ख्या : .......

मतदाताको सहीछाप

---

नगर कार्यपालिका दलित वा अल्पसङ्ख्यक सदस्य निर्वाचन, २०७९

(निर्वाचन चिन्ह रहेका कुनै तीन कोठाभित्र मात्र मत सङ्केत गर्नुहोस्)

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|
| १ | ............... | ............... | ............... |
| २ | ............... | ............... | ............... |
| ३ | ............... | ............... | ............... |
| ४ | ............... | ............... | ............... |
| ५ | ............... | ............... | ............... |

निर्वाचन आयोग, नेपाल

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|
| ६ | ...............  | ...............  | ...............  |
| ७ | ............... | ............... | ............... |
| ८ | ............... | ............... | ............... |
| ९ | ............... | ............... | ............... |
| १० | ............... | ............... | ............... |

मतदान अधिकृतको सही : ................

निर्वाचन आयोग, नेपाल

## (ग) गाउँ कार्यपालिकाका महिला सदस्यको निर्वाचनको मतपत्र

## गाउँ कार्यपालिका महिला सदस्य निर्वाचन, २०७९

जिल्लाको नाम : ........................ 

गाउँपालिकाको नाम : ......................................वडा नं. .............

मतदाताको नाम : ..............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतपत्र सङ्ख्या : .......

मतदाताको सहीछाप

---

गाउँ कार्यपालिका महिला सदस्य निर्वाचन, २०७९

((निर्वाचन चिन्ह रहेका कुनै चार कोठाभित्र मात्र मत सङ्केत गर्नुहोस्)

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|
| १ | ............... | ............... | ............... | ............... |
| २ | ............... | ............... | ............... | ............. |
| ३ | ............... | ............... | ............... | ............. |
| ४ | ............... | ............... | ............... | ............... |
| ५ | ............... | ............... | ............... | ............... |
| ६ | ............... | ............... | ............... | ............... |

निर्वाचन आयोग, नेपाल

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|
| ७ | ............... | ............... | ............... | ............... |
| ८ | ............... | ............... | ............... | ............... |
| ९ | ............... | ............... | ............... | ............... |
| १० | ............... | ............... | ............... | ............... |

मतदान अधिकृतको सही : ...............

निर्वाचन आयोग, नेपाल

## (घ) **नगर कार्यपालिकाका महिला सदस्यको निर्वाचनको मतपत्र**

## **नगर कार्यपालिका महिला सदस्य निर्वाचन, २०७९**

जिल्लाको नाम : ........................ मतपत्र सङ्ख्या : .......

नगरपालिकाको नाम : .....................................वडा नं. .............

मतदाताको नाम : ..............................................

मतदाता क्रम सङ्ख्या : .......................

मतदाताको सहीछाप

---

नगर कार्यपालिका महिला सदस्य निर्वाचन, २०७९

(कुनै पाँच निर्वाचन चिन्हमा मत सङ्केत गर्नुहोस्)

| क.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|---|
| १ | ............... | ............... | ............... | ............... | ............... |
| २ | ............... | ............... | ............... | ............... | ............... |
| ३ | ............... | ............... | ............... | ............... | ............... |
| ४ | ............... | ............... | ............... | ............... | ............... |
| ५ | ............... | ............... | ............... | ............... | ............... |
| ६ | ............... | ............... | ............... | ............... | ............... |

| क्र.सं. | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह | उम्मेदवारको नाम र निर्वाचन चिन्ह |
|---|---|---|---|---|---|
| ७ | ............... | ............... | ............... | ............... | ............... |
| ८ | ............... | ............... | ............... | ............... | ............... |
| ९ | ............... | ............... | ............... | ............... | ............... |
| १० | ............... | ............... | ............... | ............... | ............... |

मतदान अधिकृतको सही : ...............

निर्वाचन आयोग, नेपाल

अनुसूची- ४

(दफा १८ को उपदफा (५) सँग सम्बन्धित)

**<u>मतपत्र छपाउने सम्बन्धी प्रकृया</u>**

(१) दफा ४ बमोजिम प्रकाशन गरेको निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरी सकेपछि निर्वाचन अधिकृतले मतपत्र व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्नु पर्नेछ ।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको निर्वाचनको लागि मतपत्र तयार गर्दा उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारको निर्वाचन चिन्ह देहायको क्रममा समावेश गर्नु पर्नेछ :-

(क) राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिइएकोमा त्यस्ता उम्मेदवारको नाम र सो दलको निर्वाचन चिन्ह स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-२५ को क्रममा,

(ख) राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेको र सम्बन्धित जिल्लामा निर्वाचन चिन्ह प्राप्त गरेका राजनीतिक दलका तर्फबाट उम्मेदवारी दिइएकोमा त्यस्ता उम्मेदवारको नाम र सो दलको निर्वाचन चिन्ह स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-२६ को क्रममा,

(ग) खण्ड (ख) बमोजिम सम्बन्धित जिल्लामा निर्वाचन चिन्ह प्राप्त नगर्ने राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेको दलको तर्फबाट उम्मेदवारी दिइएकोमा त्यस्ता उम्मेदवारको नाम र निजले प्राप्त गरेको निर्वाचन चिन्ह त्यस्तो दलले संवत् २०७४ सालको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली तर्फ प्राप्त गरेको मतसङ्ख्याको आधारमा हुने क्रममा र सो निर्वाचनमा भाग नलिने दल निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएको क्रममा,

(घ) स्वतन्त्र रुपमा खडा भएका उम्मेदवार रहेकोमा त्यस्ता उम्मेदवारको नाम र निजले प्राप्त गरेको निर्वाचन चिन्ह उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा ।

(३) क्रमसङ्ख्या (२) को खण्ड (क), (ख) र (ग) बमोजिम सम्बन्धित राजनीतिक दलको उम्मेदवारहरुको निर्वाचन चिन्ह मतपत्रमा समावेश गर्दा एकै लहरमा पर्ने गरी समावेश गर्नु पर्नेछ ।

(४) आयोगबाट प्रेषित इमेल मार्फत प्राप्त फाइलहरु डाउनलोड गरी निर्वाचन चिन्हको फोल्डरभित्र रहेका **TIF File** बाट (क) फाइलमा रहेका राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त गरेको राजनीतिक दलको निर्वाचन चिन्ह, (ख) फाइलमा रहेका राष्ट्रिय दलको रुपमा मान्यता प्राप्त नगरेका राजनीतिक दलको निर्वाचन चिन्ह र (ग) फाइलमा रहेका स्वतन्त्र

निर्वाचन आयोग, नेपाल

निर्वाचन चिन्हबाट कपी (**Copy**) गरी मतपत्रको सम्बन्धित कोठामा त्यस्तो निर्वाचन चिन्ह इन्सर्ट (**Insert**) गरी मतपत्र तयार गर्नु पर्नेछ ।

(५) महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि एउटै राजनीतिक दलबाट एकभन्दा बढी व्यक्तिको उम्मेदवारी परेको अवस्थामा मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह राख्दा वर्णानुक्रमको आधारमा क्रमशः बायाँतर्फको कोठाबाट दायाँतर्फ राखी मतपत्र व्यवस्थापन गर्नु पर्नेछ ।

(६) राजनीतिक दलले निर्वाचित गर्नुपर्ने पदभन्दा कम सङ्ख्यामा उम्मेदवारी दिएको अवस्थामा उम्मेदवारको सङ्ख्या अनुसार मात्र मतपत्रमा उम्मेदवारको नाम र निर्वाचन चिन्ह राखी सो लहरका अन्य कोठाभित्र अन्य निर्वाचन चिन्ह नराखी सो कोठालाई हाइलाइट गरी कालो बनाएर मतपत्र तयार गर्नु पर्नेछ ।

(७) मतपत्र छपाई गर्दा मतदाता नामावलीमा नाम कायम भएका मतदाता सङ्ख्याको सामान्यतया दश प्रतिशत थप मतपत्र छपाई गर्नु पर्नेछ ।

(८) मतपत्रमा क्रमसङ्ख्या उल्लेख गर्दा मतपत्रको अधकट्टीमा ००१ बाट शुरु हुने गरी प्रत्येक मतपत्रमा क्रमसङ्ख्या जनाउनु पर्नेछ ।

(९) मतपत्र छपाइ गर्दा सम्भव भएसम्म सम्बन्धित स्थानीय तहभित्र गर्नु पर्नेछ । मतपत्र छपाइ गर्दा आवश्यकता अनुसार ए फोर (A4) साइजको फोटोकपी कागजमा श्यामश्वेत (Black and White) रङमा गर्नु पर्नेछ । ए फोर (A4) साइजमा छपाइ गर्दा नअट्ने भएमा ए थ्री (A3) वा सो भन्दा ठूलो साइजमा सेतो कागजमा छपाइ गर्न सकिने भएमा एकै पानामा अट्ने गरी छपाइ गर्नु पर्नेछ ।

(१०) उम्मेदवार सङ्ख्या बढी भई ए फोर (A4) साइजको एउटै पानामा नअट्ने भएमा र ए थ्री (A3) वा सोभन्दा ठूलो साइजमा मतपत्र छपाइ गर्न नसकिएमा ए फोर (A4) साइजको एकभन्दा बढी पानामा छपाइ गरी त्यसलाई स्टिच गरेर मतपत्र तयार गरी तथा मतपत्रको प्रत्येक पानामा पृष्ठ सङ्ख्या उल्लेख गरी मतदान अधिकृतले सही गर्ने स्थान राख्नु पर्नेछ ।

**उदाहरणार्थ** : पृष्ठ सङ्ख्या उल्लेख गर्दा यदि मतपत्र ३ (तीन) पृष्ठको रहने भएमा पहिलो पृष्ठमा १/३, दोस्रो पृष्ठमा २/३ र तेस्रो पृष्ठमा ३/३ गर्नु पर्नेछ ।

(११) मतपत्रको अन्तिममा बायाँतर्फ 'मतदान अधिकृतको सही......................' भन्ने व्यहोरा राख्नु पर्नेछ । त्यसरी मतपत्रको पृष्ठ एकभन्दा बढी भएमा अन्तिम पृष्ठ बाहेक अरूमा मतदान अधिकृतले छोटकरीमा दस्तखत गर्नु पर्नेछ ।

(१२) छपाइ गरिएको मतपत्र शिलबन्दी गर्नु अघि प्रत्येक मतपत्रको प्रत्येक पृष्ठको शुरुमा निर्वाचन अधिकृतले दस्तखत गरी प्रत्येक पृष्ठको पछिल्लो भागमा कार्यालयको छाप लगाई राख्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-५

(दफा २१ को उपदफा (३) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.............................. जिल्ला
.............................. गाउँपालिका/नगरपालिका

**मतगणना फाराम : १**

............................. जिल्ला..................... गाउँ कार्यपालिका/नगर कार्यपालिकाको महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य पदको लागि मतदान भएको मत गणना देहाय बमोजिम छ ।

कुल मतदाता सङ्ख्या :-

जम्मा खसेको मत सङ्ख्या :-

सम्पूर्ण रुपमा बदर भएको मतपत्र सङ्ख्या :-

| क्र.सं. | निर्वाचन चिन्ह र उम्मेदवारको नाम | प्राप्त मत | |
|---|---|---|---|
| | | गणनाको धर्सो | जम्मा मत |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| . | | | |
| . | | | |
| | **बदर मत** | | |

मतगणना गर्ने कर्मचारीको

१. ....................................... (नाम) ................................ (दस्तखत)

२. ....................................... (नाम) ................................ (दस्तखत)

३. ....................................... (नाम) ................................ (दस्तखत)

**द्रष्टव्य :**

(१) यो गणना फाराम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि अलग-अलग रुपमा तयार गर्नु पर्नेछ ।

(२) यो गणना फाराम सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका उम्मेदवारको निर्वाचन चिन्हको आधारमा तयार गरी गणना गर्नु पर्नेछ ।

(३) सम्पूर्ण रुपमा बदर भएका मतपत्र पहिले गणना गरी तत्पश्चात मात्र अन्य मतपत्रको गणना गर्नु पर्नेछ ।

(४) एउटै मतपत्रमा केही मत सदर र केही मत बदर भएको अवस्थामा पहिले बदर भए जति मत बदर मतको महलमा उल्लेख गरी तत्पश्चात मात्र सदर मत गणना गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

अनुसूची-६

(दफा २१ को उपदफा (४) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.............................. जिल्ला
.............................. गाउँपालिका/नगरपालिका

मतगणना फाराम-२

**मतगणना अभिलेख फाराम**

गाउँपालिका/नगरपालिकाको नाम :
पद : गाउँ कार्यपालिका/नगर कार्यपालिकाको महिला सदस्य/दलित वा अल्पसङ्ख्यक सदस्य

| **क्र.सं.** | **निर्वाचन चिन्ह र उम्मेदवारको नाम** | **जम्मा मत** | **कैफियत** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| . | | | |
| | **बदर मत** | | |

मिति :-

...........................
निर्वाचन अधिकृत

<u>**द्रष्टव्य**</u> :

(१) अनुसूची-५ बमोजिमको फारामको आधारमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको महिला र दलित वा अल्पसङ्ख्यक सदस्यको लागि यो फाराम अलग-अलग रुपमा तयार गर्नु पर्नेछ।

(२) यो फाराममा उल्लिखित मतको आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने देहाय बमोजिमका उम्मेदवार निर्वाचित हुनेछन् :-

(क) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने चारजना,
(ख) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँचजना,
(ग) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना,
(घ) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक सदस्य पदमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना।

निर्वाचन आयोग, नेपाल